# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख २८ गते, २०८३ साल (अतिरिक्ताङ्क ६

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०८३

<u>प्रस्तावना</u>ः विपद्‌जन्य घटनाबाट प्रभावित व्यक्ति तथा परिवारको खोज तथा उद्धार गर्ने र राहत उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित गरी विपद् सम्बद्ध कार्यमा कोशी प्रदेश सरकारको भूमिकालाई प्रभावकारी बनाउन कार्यविधि बनाई लागु गर्न आवश्यक भएकोले कोशी प्रदेशको विपद्

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

व्यवस्थापन ऐन, २०७५ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले ऐनको दफा १६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) "विपद्" भन्नाले ऐनको दफा २ को खण्ड (ट) बमोजिमको विपद् सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(च) "राहत" भन्नाले विपद् भइरहेको वा विपद् पश्चात विपद् प्रभावितलाई आवश्यक व्यवस्थापन एवम् बन्दोबस्तीका लागि यस कार्यविधि बमोजिम प्रदान गरिने नगद वा जिन्सी सहायतालाई सम्झनु पर्छ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(छ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ज) "सङ्घीय ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

## परिच्छेद-२

## विपद् पूर्व तयारी व्यवस्थापन

३. पूर्व तयारी गरिने: विपद्को पूर्व तयारीका लागि मन्त्रालयले देहाय बमोजिमको कार्य गर्न सक्नेछ,-

(क) परिषद् एवम् कार्यकारी समितिले सङ्घीय ऐन एवम् ऐनको अधीनमा रही कोशी प्रदेशभित्र आइपर्न सक्ने प्राकृतिक एवम् गैरप्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् पूर्व तयारी अन्तर्गत खोज तथा उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी वा गराई विपद्को समयमा आवश्यकता अनुसार तत्काल राहत तथा उद्धार सामग्री उपलब्ध हुने व्यवस्था मिलाउने,

(ख) जोखिममा परेका बस्तीको संरक्षण वा बस्ती स्थानान्तरण लगायतका कार्यका लागि अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक बजेट र स्रोत साधनको व्यवस्था गर्ने,

(ग) प्रदेश अन्तर्गतका जिल्ला तथा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमार्फत खोज, उद्धार तथा राहत सामग्री र तालिम प्राप्त जनशक्तिको लगत तयार गरी सोको अभिलेख अद्यावधिक गर्ने,

(घ) प्रदेश एवम् जिल्लास्तरबाट विपद् सचेतना अभिवृद्धि गर्नका लागि विपद् कृत्रिम अभ्यास गर्ने गराउने,

(ङ) मानवीय एवम् सामाजिक सहायताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था समेतको संलग्नतामा विपद् सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने गराउने,

(च) जिल्ला तथा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले आफ्नो क्षेत्रभित्रका सम्भाव्य खुला क्षेत्रहरू पहिचान गर्ने र विपद्को समयमा प्रयोग गर्न सकिने गरी न्यूनतम् पूर्वाधारसहित तयारी अवस्थामा राख्ने र सोको लगत अद्यावधिक गर्ने,

(छ) विपद्को कारणले विस्थापित परिवारहरूलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न जिल्ला तथा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले सम्भव भएसम्म शिक्षण संस्था र स्वास्थ्य केन्द्र बाहेकका अस्थायी आश्रय गृह, अन्य अस्थायी संरचना र पहिचान गरिएका खुला क्षेत्रहरू प्रयोग गर्ने,

(ज) कोशी प्रदेश अन्तर्गतका जिल्लाहरूमा सम्भावित विपद्को पूर्व तयारीका लागि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिहरूलाई आवश्यकता अनुसार निर्देशन दिने र अनिवार्य रुपमा आवधिक प्रतिवेदन लिने,

(झ) सम्भावित विपद्बाट हुने धनजनको क्षतिको न्यूनीकरण गर्न पूर्व चेतावनी प्रणालीको विकास गर्ने,

(ञ) प्रदेश विपद् पूर्व तयारी र प्रतिकार्यको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

## परिच्छेद-३

## खोज तथा उद्धार सम्बन्धी व्यवस्था

४. **खोज तथा उद्धारः** मन्त्रालयले विपद् पश्चातको खोज तथा उद्धार कार्यका लागि देहायका कार्य गर्न सक्नेछः-

(क) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका सुरक्षा निकायलाई आवश्यकता अनुसार खोज तथा उद्धार सम्वन्धी तालिम दिन समन्वय र सहजीकरण गरिनेछ। उक्त तालिम प्राप्त जनशक्ति जुनसुकै बेला परिचालित हुन सक्ने गरी तयारी अवस्थामा राख्ने,

(ख) विपद्को प्रथम प्रतिकार्यको जिम्मेवारी समुदाय र नजिकको सुरक्षा एकाइको तथा प्रतिकार्यको विशेष जिम्मेवारी विपद् सम्बद्ध सुरक्षा एकाइको हुने,

(ग) खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँग उचित समन्वय गर्दै यस कार्यमा परिचालित हुने व्यवस्था मिलाउने,

(घ) विशेष प्रभावित जिल्ला र क्षेत्रको समुदायस्तरमा तालिम प्राप्त जनशक्ति तयार गरी परिचालन गर्ने,

(ङ) सूचना संकलन र प्रवाह गर्ने कार्यलाई भरपर्दो र विश्वसनीय बनाउनका लागि विपद् सूचना अधिकारी तोक्ने तथा अनुसन्धानसँग सम्बन्धित निकाय र स्थानीय तहसम्म सूचना सञ्जालको व्यवस्था मिलाउने,

(च) कुनै विपद्को घटना घटेमा वा घट्दैछ भन्ने लागेमा स्थानीय तहले तुरून्त सूचना गर्ने र सम्बोधन हुने संयन्त्र निर्माण गर्ने,

(छ) विपद्बाट क्षति भएको धनजनको तथ्याङ्क तत्काल यकिन गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद-४

## विपद् व्यवस्थापनका लागि राहत वितरण

५. राहत वितरणः (१) कोशी प्रदेशभित्र यस कार्यविधि बमोजिम राहत वितरण गर्दा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट गरिनेछ।

(२) जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम विपद्बाट भएको देहायका क्षतिमा देहाय बमोजिम राहत उपलब्ध गराउनेछः-

(क) कोशी प्रदेशभित्र विपद्का घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने नेपाल सरकारले उपलब्ध गराउने राहत रकमको अतिरिक्त कुनै परिवारमा एक जनाको मृत्यु भएमा एक लाख रूपैयाँ, सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप पचास हजार रुपैयाँका दरले राहत रकम उपलब्ध गराउने।

(ख) मनसुनजन्य विपद्मा परी बेपत्ता भएका व्यक्तिलाई खोजी कार्य गर्दा घटना भई नेपाल सरकारले निर्धारण गरेको समयावधिसम्म फेला पर्न नसेकमा सम्बन्धित स्थानीय तहको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघर परिवारको नजिकको हकवालालाई खण्ड (क) बमोजिमको रकम उपलव्ध गराउने।

(ग) विपद्बाट घर बहाल, आवास नष्ट भएका वा पसल व्यवसाय समेत नोक्सानी भई लत्ता कपडा, भाँडाकुँडाको क्षति भई उचित आवासको व्यवस्था नभएका विपद्बाट पीडित परिवारलाई तत्काल लत्ता कपडा भाँडाकुँडा सहितको अस्थायी बसोबासको प्रबन्धका लागि यथाशीघ्र प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए बिस हजार रुपैयाँ र ५ जना भन्दा बढी सदस्य भएको परिवार भए पच्चिस हजार रुपैयाँका दरले नगद सहायता प्रदान गरिनेछ ।

(घ) घरभाडा लिई बसोबास गरेका वा व्यापार व्यवसाय सञ्चालन गर्ने व्यक्तिको बसोबास वा व्यापार व्यवसाय सञ्चालन गरेको घरको क्षति हुँदा भाडावालाको समेत सम्पूर्ण क्षति भई उचित आवासको व्यवस्था नभएका परिवारलाई खण्ड (ग) बमोजिमको राहत रकम उपलब्ध गराउन सक्नेछ ।

(ङ) शीतलहरूबाट प्रभावित भई दैनिक जीवनयापनका लागि कठिनाईमा परेका जेष्ठ नागरिक, बालवालिका, दीर्घरोगी, अशक्त,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी महिलालाई जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यकिन गरी तत्काल चिसोको असरबाट बच्न न्यानो लत्ता कपडाको व्यवस्थापनका लागि राहतस्वरूप प्रति परिवार पाँच हजार रुपैयाँ वा सो बराबरको राहत सामग्री उपलब्ध गराउने।

(३) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा गुणस्तरीय राहत सामग्री मात्र वितरण गर्ने। मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरीतको कार्य र गुणस्तरहीन सामग्री उपलब्ध गराउनु हुँदैन।

(४) कोशी प्रदेशस्तरमा विपद् प्रभावितहरूलाई पुनःस्थापना तथा पुनर्निर्माणका लागि प्रचलित कानून बमोजिम वन क्षेत्र हेर्ने मन्त्रालय वा अन्तर्गतको निकायले जिल्ला प्रशासन कार्यालयको सिफारिस बमोजिम प्राथमिकताको आधारमा सहुलियत दरमा काठ उपलब्ध गराउनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढी, पहिरो, डुवान, आगलागी, भारी वर्षा, असिना, हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपात, हिमपहिरो, खडेरी, हिमताल विष्फोटन, सर्पदंश, जस्ता विपद्का कारणबाट प्रभावितहरू व्यक्ति/परिवारलाई मात्र राहत सहयोग उपलव्ध गराइनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (क) बाहेक अन्य क्षति भएको हकमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट निर्णय गरी तत्काल राहत प्रदान गर्ने कार्य ढिला हुन्छ भन्ने

लागेमा तत्कालको लागि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको अध्यक्षले निर्णय गरी राहत उपलब्ध गराउन बाधा पर्नेछैन।

तर यस्तो वितरण गरेको राहतको निर्णय तत्कालै बस्ने जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकबाट समर्थन गराउनु पर्नेछ।

६. <u>राहत वितरण प्राथमिकताः</u> राहत वितरण गर्दा पीडितमध्ये महिला, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी, बिरामी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

७. <u>राहत वितरणको समय सीमाः</u> जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यो कार्यविधि बमोजिम राहत सहयोग उपलव्ध गराउँदा घटना भएको तिस दिनभित्र सूचना प्राप्त भएको घट्नाका लागि मात्र राहत सहयोग उपलव्ध गराउने।

८. <u>पेस गर्नु पर्ने कागजातः</u> (१) यस कार्यविधि बमोजिमको राहत सहयोगको लागि पीडितले जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति समक्ष देहाय बमोजिमको कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचाको निवेदन पेस गर्नु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) क्षतिको विवरण सहितको सम्बन्धित स्थानीय तहको सिफारिस,

(घ) क्षतिको विवरण यकिन गरिएको प्रहरी मुचुल्का,

(ङ) घटनासँग सम्बन्धित तस्वीर।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

तर खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृतकको हकमा निजको नजिकको हकवाला नरहेको भए पालनपोषण गर्ने संरक्षणकर्ताको यकिन गरी स्थानीय तहले सिफारिस गरेमा सो आधारमा सहायता प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट प्राप्त हुने राहत माग गर्दा वा प्रदान गर्दा उल्लिखित सो वा अन्य यस्तै कागजातहरू पेस भइसकेको भए सोही कागजातलाई आधार मानेर राहत प्रदान गर्न सकिनेछ।

तर अपुग हुने अतिरिक्त राहत उपलब्ध गराउँदा सोको पुष्टि हुने कागजात निवेदनसाथ पेस गर्नु पर्नेछ।

९. <u>राहत सहयोग परिचालन तथा वितरणः</u> (१) यो कार्यविधि प्रारम्भ भएपछि ऐनको दफा २९ बमोजिम राहत उपलब्ध गराउनु परेमा परिषद्को निर्णय वा तत्काल परिषद्को बैठक बस्न नसकेमा मन्त्रालयबाट निर्णय गरी यस कार्यविधिको दफा ५ को उपदफा (२) बमोजिमको राहत वितरण गर्न प्रदेश अन्तर्गतका सबै जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिहरूलाई कोषबाट प्रारम्भमा दश/दश लाख रुपैयाँका दरले रकम उपलव्ध गराउनेछ र त्यस्तो मन्त्रालयको निर्णयबाट वितरण भएको रकम परिषद्को बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधिको अधीनमा रही जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले छुट्टै अभिलेख राखी खर्च गर्नेछ र खर्चको आधारमा न्यूनतम पाँच लाख रुपैयाँ मौज्दात नघट्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा

सोधभर्ना माग गर्नु पर्नेछ र त्यसरी सोधभर्ना माग भएको रकम परिषद्बाट निर्णय गरी वा परिषद्को बैठकबाट अनुमोदन गर्ने गरी मन्त्रालयले त्यस्तो रकम सोधभर्ना गर्न सक्नेछ ।

(३) विपद्को घटनाबाट प्रभावित परिवारहरूको तत्काल व्यवस्थापन गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको अनुमतिमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यस कार्यविधि बमोजिमको सहायता उपलब्ध गराउन सक्नेछ। त्यसरी वितरण गरेको सहायता रकम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिसँग स्थानीय विपद् व्यवस्थापन समितिले सोर्धभर्ना मागेमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले अभिलेख राखी कोषबाट सोर्धभर्ना दिन सक्नेछ ।

१०. <u>कोषबाट ब्यहोरिने</u>: यस कार्यविधि बमोजिम उपलब्ध गराइने राहतका लागि आवश्यक रकम ऐनको दफा १६ बमोजिमको कोषबाट ब्यहोरिने छ।

११. <u>विवरण पेस गर्नु पर्ने</u>: यस कार्यविधि बमोजिम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयबाट वितरण भएको राहत वितरणको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्रैमासिक रूपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा अनुसूची-३ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ।

१२. <u>समन्वय गर्ने</u>: (१) कोशी प्रदेश सरकारले राहत वितरणका लागि संघीय सरकार, स्थानीय तह र विभिन्न दातृ निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सहायता संस्थासँग आवश्यक समन्वय गर्नेछ।

(२) दातृ निकाय, मानवीय सहायता संस्था वा कुनै प्रकृतिको गैरसरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना र वितरित

राहतको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणीत गर्नु पर्नेछ।

१३. <u>राहत वितरण सम्बन्धी विशेष व्यवस्थाः</u> (१) विपद्को घटना घटी ठूलो धनजनको क्षति भई यस कार्यविधि बमोजिमको सहायताले उचित व्यवस्थापन गर्न कठिनाई भई थप सहायता आवश्यक पर्ने देखिएका त्यस्ता प्रभावित व्यक्ति/परिवारलाई परिषद् वा प्रदेश सरकारको निर्णय बमोजिमको थप राहत उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम राहत स्वरूप कुनै जिन्सी सामग्री विपद् प्रभावित परिवारलाई उपलब्ध गराउनु परेमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट निर्णय गराई वा पूर्व स्वीकृति लिई सुरक्षा निकाय वा अन्य सरकारी वा गैरसरकारी कार्यालय मार्फत एकमुष्ट रूपमा परिवारलाई आधार मानी उपलब्ध गराउनु पर्नेछ।

१४. <u>खारेजी र बचाउः</u> (१) "विपद्बाट भएको क्षतिको खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७६" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको मापदण्डबाट भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
### राहत रकम माग गर्ने निवेदनको ढाँचा

श्री जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति,

..................जिल्ला

विषयः- <u>राहत उपलब्ध गराई पाँऊ।</u>

मिति.........../.........../.........गतेका दिन.................. जिल्लाको ..................................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका..................मा भएको ............. विपद्बाट पीडित भएकोले कोशी प्रदेशको "विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि,२०८३" बमोजिम राहत सहयोग पाऊँ भनी देहायको विवरण सहित यो निवेदन पेस गरेको छु/छौं।

<u>देहाय</u>

(१) विपद्को घटनाः

(२) घाइते/मृतकको नाम थर, ठेगानाः

(३) घाइते र मृतकको नागरिकताको प्रमाणपत्र नं.ः.........र जारी गर्ने जिल्ला..........

(४) बाबुको नाम थरः

(५) आम र सौतेनी आमाको नाम थरः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(६) अनुमानित क्षतिको विवरण (परिमाण र मूल्य सहित, अतिरिक्त रकम माग गरेको भए सो समेत खुलाउनेः

<u>संलग्न कागजात</u>

(१)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२)मृतकको हकमा हकवालाको नागरिकता प्रमाणपत्र र नाता प्रमाणित पत्र,

(३)क्षतिको विवरण खुलेको स्थानीय तहको सिफारिस

(४)क्षतिको विवरण यकिन भएको प्रहरी मुचुल्का

(५)घटनासँग सम्बन्धित तस्विर

(६)अन्य व्यहोराः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

सोधभर्ना माग गर्ने ढाँचा

**कार्यालयको नामः**

**आर्थिक वर्षः**

| क्र.सं. | प्रदेशबाट कोषमा प्राप्त भएको रकम | कोषबाट खर्च भएको रकम | बाँकी मौज्दात | माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| जम्मा | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३
(दफा ११ सँग सम्बन्धित)

**त्रैमासिक राहत वितरण विवरणको ढाँचा**

**कार्यालयको नामः**

मिति.................................. देखि ............................ सम्मको विवरण

| क.सं. | स्थानीय तह | राहत बुझिलिने व्यक्तिको नाम थर, ठेगाना | परिवार/मृतक संख्या | राहत शीर्षक | प्रदान गरिएको राहत रकम रु. (जिन्सी भए खुलाउने) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| जम्मा | | | | | | |

**प्रमाणित गर्ने**
नाम थरः
पदः
दस्तखत

प्रमाणीकरण मितिः- २०८३/०१/२८
प्रकाशन मितिः-२०८३/०२/०५

आज्ञाले,
अस्मान तामाङ
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश